# छेडागाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### कार्कीगाउँ जाजरकोट

## वार्षिक नीति तथा कार्यक्रम
## आ.व. २०८३/०८४

**प्रस्तुतकर्ता :**

रत्न बहादुर खड्का

नगर प्रमुख

**बीसौं नगर सभा तथा दसौं वजेट अधिबेशनका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अन्य अतिथिज्यूहरू, सभाका उपाध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरू,**

यस छेडागाड नगरपालिकाको गरिमामय नगर सभाको यस ऐतिहासिक उद्घाटन सत्रमा आमन्त्रित सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, जिल्ला तथा स्थानीय स्तरका सञ्चारकर्मी एवम् पत्रकार मित्रहरू, नागरिक समाजका अगुवाहरू तथा विभिन्न सरकारी एवं गैरसरकारी संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू साथै, नगरको विकासमा अहोरात्र खटिनुहुने आदरणीय समाजसेवी, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी मित्रहरू, उद्योगी, व्यवसायी तथा शिक्षक वर्ग र यस नगरको पहिचान र गौरव बढाउनुहुने आदरणीय ज्येष्ठ नागरिकहरू, युवा तथा बालबालिकाहरू, दलित, अल्पसंख्यक एवम् सिमान्तकृत समुदायका नागरिकहरू, एकल महिला, फरक क्षमता भएका आदरणीय व्यक्तित्वहरू र देशका लागि प्राण आहुति दिने अमर शहीद परिवारका सदस्यहरू लगायत यस गरिमामय बजेट अधिवेशनमा उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय महानुभावहरू।

**सभाका प्रमुख अतिथि, विशेष अतिथि, सभा उपाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

छेडागाड नगरपालिका स्थापना भएको ११ औं वर्ष र स्थानीय तह निर्वाचनको नवौं वर्ष हुँदै गर्दा, यस गरिमामय सभामा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

यस अवसरमा नेपालको राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै आफ्नो प्राणको आहुति दिनुहुने ज्ञात–अज्ञात महान् शहीदहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु। बेपत्ता नागरिकहरूलाई विशेष स्मरण गर्दछु । साथै, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै यस क्रममा अपाङ्गता भएका सम्पूर्ण योद्धाहरुप्रति उच्च सम्मान र वेपत्ता योद्धाका परिवारप्रति सहानुभूति व्यक्त गर्दछु।यस छेडागाड नगरपालिकाको कामकाजलाई जनमुखी तथा प्रभावकारी बनाउनका लागि रचनात्मक सहयोग र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। "दिगो शान्ति, सुशासन, विकास र समृद्धिको संवैधानिक मार्गदर्शन, 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय सोच, 'समृद्ध कर्णाली; सुखारी कर्णालीबासी'को दीर्घकालीन

परिकल्पना र छेडागाड नगरपालिकाको **'समृद्ध छेडागाड; हाम्रो भविष्य'** भन्ने दीर्घकालीन सोच पूरा गर्न छेडागाड नगरपालिका प्रतिबद्ध छ।

यसका लागि छेडागाड नगरपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउँदै लगिएको छ। समयानुकूलका कानूनहरू निर्माण तथा संशोधन हुँदै आएका छन्। हालसम्म यस छेडागाड नगरपालिकाले गरेका कार्यहरू र भएका प्रयासहरू पर्याप्त भने छैनन्। **यसलाई थप सुदृढ बनाउँदै, विगतका अनुभव र सिकाइका आधारमा आगामी दिनमा अझ परिष्कृत, जनमुखी र नतिजामुखी ढंगले अगाडि बढ्न नगरपालिका निरन्तर क्रियाशील रहनेछ।**

**सभाका सदस्यज्यूहरु,**

१. छेडागाड नगरपालिकाको सामाजिक न्याय सहितको विकास र समृद्धिका लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सोह्रौं पञ्चवर्षिय योजना, दिगो विकास लक्ष्य, तथा कर्णाली प्रदेश सरकारका आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र स्थानीय तह बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन लगायत यस नगरपालिकामा तर्जुमा भएका विभिन्न नीतिहरूलाई मुख्य मार्गदर्शनको रूपमा लिई आगामी आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

२. सूचना प्रविधिको उच्चतम उपयोगमार्फत आर्थिक समृद्धि, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना एवं उद्यमशीलता विकासलाई एकीकृत रूपमा अगाडि बढाइनेछ। यसै आधारमा 'समृद्ध छेडागाडः हाम्रो भविष्य' को दीर्घकालीन लक्ष्य हासिल गर्न छेडागाड नगरपालिकाले यस नीति तथा कार्यक्रमलाई आफ्नो मुख्य मार्गचित्र (Roadmap) को रूपमा प्रस्तुत गरेको छ।

३. छेडागाड नगरपालिकाको दीर्घकालीन परिकल्पना 'समृद्ध छेडागाड, हाम्रो भविष्य' लाई कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम मार्गचित्रका रूपमा प्रस्तुत गरिएको छ। यसले नगरपालिकाको सुशासन, आर्थिक समृद्धि, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना र उद्यमशीलता विकासलाई सूचना प्रविधिसँग आबद्ध गर्ने लक्ष्य सहित नगरपालिकाको विकास र समृद्धिको मार्गचित्रको रुपमा प्रस्तुत गरिएको छ।

४. शासकीय सुधार मार्फत गुणस्तरीय, प्रभावकारी र एकीकृत सेवा प्रवाहको दिर्घकालीन र गौरवपूर्ण विकास पूर्वाधार मध्ये छेनपा ५ चंखिलामा नवनिर्मित प्रशासकीय भवनबाट

सर्वसाधारणलाई प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्नका पूर्ववत बोलपत्र (टेण्डर) प्रक्रिया सफल हुन नसकेको अवस्थालाई दृष्टिगत गरी, वैकल्पिक कानुनी विधि वा द्रुत प्रक्रिया अवलम्बन गरेर आवश्यक फर्निचर तथा फिक्चर्सको व्यवस्थापन कार्यलाई उच्च प्राथमिकताका साथ तत्काल सम्पन्न गरि आगामी आवको पहिलो महिनामा सोही ठाउँबाट सेवा प्रवाहको व्यवस्था मिलाईने छ ।

५. नगरपालिकाका सबै वडाहरुमा ट्र्याक ओपनको कार्य मात्र भएकोले वर्षायाममा बाढी र पहिरोका कारण अधिकांश ग्रामीण सडकहरू अवरुद्ध हुने स्थिति छ। यस समस्याको दीर्घकालीन समाधानका लागि सम्बद्ध सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्दै नगर क्षेत्रभित्रका सडकहरूको नियमित मर्मत-सम्भार तथा स्तरोन्नति गरी बाह्रै महिना यातायात सञ्चालन हुने व्यवस्था मिलाइनेछ। साथै, निर्माणको अन्तिम चरणमा पुगेको छेडा-चंखिला-थलह सडक खण्डको कालोपत्रे कार्यलाई शीघ्र सम्पन्न गरी यातायात सेवालाई सहज र सुरक्षित बनाइनेछ। यस सडकलाई थप व्यवस्थित र भरपर्दो बनाउन खारखोलमा निर्माणाधीन मोटरेबल पुलको कार्य अलपत्र भएको हुनाले बैकल्पिक मार्गको व्यवस्थापन गर्नको लागि आवश्यक समन्वय गरिनेछ ।

६. आगामी आर्थिक वर्षभित्र नगरपालिकाका सबै वडा तथा बस्तीहरूमा केन्द्रीय विद्युतीकरणको कार्य सम्पन्न गर्ने गरी आवश्यक सहजीकरण गरिनेछ। भौगोलिक विकटता तथा विद्युतका पोलहरूको अभावका कारण हालसम्म विद्युत् सेवा पुग्न नसकेका क्षेत्रहरूलाई प्राथमिकतामा राखिनेछ। नेपाल विद्युत प्राधिकरण लगायतका सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्दा पनि पोल अभावको समस्या पूर्ण रूपमा समाधान हुन नसकेको यथार्थलाई ध्यानमा राख्दै, नगरपालिकाले यस समस्यालाई विशेष महत्त्वका साथ ग्रहण गरी आफ्नै स्रोत वा वैकल्पिक कोषमार्फत पोल आपूर्ति र लाइन विस्तार कार्यलाई अगाडि बढाइने छ।

७. उत्पादनशील जनशक्तिको विदेश पलायन तथा जनसांख्यिकीय परिवर्तनका कारण विद्यालय संख्याको तुलनामा विद्यार्थी संख्या न्यून हुँदै गएको वर्तमान परिस्थितिलाई सम्बोधन गर्न; उपलब्ध स्रोत, साधन र भौतिक पूर्वाधारको उच्चतम उपयोग गरी शिक्षण सिकाइ क्रियाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय तह अन्तर्गतका विद्यालयहरूको भौगोलिक अवस्थिति, विद्यार्थी संख्या र दूरीका आधारमा विद्यालय गाभ्ने (मर्ज) तथा समायोजन (Adjustment) गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाई छेडागाड नगरपालिकाको १० वर्षे शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । यसै प्रक्रियाको अभिन्न अंगको

रूपमा, विषयगत र कक्षागत आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान (Redeployment) गरी सबै विद्यालयमा समानुपातिक रूपमा दक्ष शिक्षकको उपलब्धता सुनिश्चित गरिनेछ। शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत आवश्यक कार्यविधि र मापदण्ड तयार गरी कानुनी एवं व्यावहारिक प्रक्रिया तत्कालै प्रारम्भ गरिनेछ, जसबाट विद्यालयहरूको प्रशासनिक खर्च घट्ने, शैक्षिक वातावरण सुधार हुने र समग्रमा सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

८. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक राजस्वको प्रक्षेपणमा आउने संकुचनले बजेट व्यवस्थापनमा पारेको चापलाई सम्बोधन गर्न, आगामी आर्थिक वर्षमा करको दर होइन दायरा विस्तार गर्ने, सार्वजनिक सम्पत्तिको व्यावसायिक उपयोग गर्ने, सम्पूर्ण राजस्व प्रणालीलाई डिजिटल (अनलाइन) प्रविधिमा रूपान्तरण गरी चुहावट नियन्त्रण गर्ने र आन्तरिक आय वृद्धि मार्फत वित्तीय उपलब्धी हासिल गर्ने नीति अवलम्बन गरिनेछ ।

९. नगरपालिकाका सबै वडा कार्यालयका सुविधासम्पन्न प्रशासनिक भवनहरू क्रमशः निर्माण गर्दै लैजाने नीति अनुरूप आगामी आर्थिक वर्षमा वडा नं. ७ र वडा नं. ८ को वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१०. सरकारी खर्चमा मितव्ययिता कायम गर्न कार्यालयका सवारी साधन सञ्चालन, इन्धन, मर्मतसम्भार तथा अन्य प्रशासनिक क्षेत्रमा हुने फजुल खर्चलाई कडाइका साथ नियन्त्रण गरिनेछ; साथै स्रोतको कुशल उपयोग र खर्चको पारदर्शिता सुनिश्चित गर्दै समग्र कार्यालय सञ्चालनमा कठोर वित्तीय अनुशासन कायम गरिनेछ।

११. नगरपालिकाको हालसम्म कायम रहेको कुल बेरुजु रु. ३९,२०,१०,४२४/- (अक्षेरूपी उनान्चालिस करोड बीस लाख दस हजार चार सय चौबीस मात्र) मध्ये सबैभन्दा बढी हिस्सा ओगटेको नियमित गर्नुपर्ने तथा प्रमाण पेस गर्नुपर्ने रु. ३१,७२,११,३९२/- (अक्षेरूपी एकतीस करोड बहत्तर लाख एघार हजार तीन सय बयानब्बे मात्र) बेरुजुलाई उच्च प्राथमिकतामा राखी, आर्थिक वर्ष सुरु भएको प्रथम चौमासिकभित्रै सम्बन्धित फाँट, आयोजना तथा सरोकारवालाहरूबाट आवश्यक कागजात एवं प्रमाण संकलन गरी फछ्र्यौट प्रक्रियालाई तिव्रता दिइनेछ । साथै बाँकी अन्य प्रकृतिका बेरुजुहरूलाई समेत फछ्र्यौट तथा संपरिक्षण गराउन नगरपालिकाको लेखा समितिलाई क्रियाशिल गराई चालु आर्थिक वर्षभित्रै उल्लेख्य मात्रामा बेरुजु अंक घटाउने र आगामी दिनमा बेरुजु शून्य गराउने उद्देश्यका साथ

आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै पूर्ण वित्तीय अनुशासन र पारदर्शिता कायम गरिनेछ ।

१२. कार्यालयको वास्तविक कार्यबोझ, जनशक्ति आवश्यकता र उपलब्ध वित्तीय स्रोतको वस्तुनिष्ठ मूल्याङ्कन नगरी विगतमा लिइएका वा आवश्यकता भन्दा बढी भई तत्कालै सेवाबाट हटाउन कानुनी, व्यावहारिक एवं मानवीय कारणले कठीन भएका र पारिश्रमिक व्यवस्थापनमा चुनौती सिर्जना गरेका करार तथा ज्यालादारी कर्मचारीहरूको समस्यालाई दीर्घकालीन रूपमा समाधान गरिनेछ। यसका लागि आगामी आर्थिक वर्षभित्रै "सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey)" तयारी गरी न्यूनतम आवश्यक जनशक्तिको निक्यौंल गरिनेछ। साविकमा कार्यरत करार कर्मचारीहरूलाई कार्यसम्पादन सूचक (KPIs) का आधारमा कठोर मूल्याङ्कन गरी प्राविधिक तथा अत्यावश्यक सेवाबाहेकका क्षेत्रमा नयाँ नियुक्ति र म्याद थप पूर्णतः बन्द गरिनेछ। तत्काल हटाउन नसकिने कर्मचारीहरूको हकमा आन्तरिक स्रोतको उपलब्धता र कार्यबोझका आधारमा जिम्मेवारी बाँडफाँड (Multi-tasking) गरी कार्यक्षमता वृद्धि गरिनेछ भने पारिश्रमिक व्यवस्थापनका लागि फजुल खर्च कटौती गरी आन्तरिक आय बढाउने विशेष योजना लागू गरिनेछ। क्रमशः स्वेच्छिक अवकाश, कार्यसम्पादनमा आधारित बिदाइ वा उमेर हदका आधारमा करार सेवालाई लागत-प्रभावी, चुस्त र परिणाममुखी बनाई आगामी दिनमा स्वीकृत दरबन्दी बाहेकका करारमा जनशक्ति थप नगर्ने नीतिलाई कडाइका साथ पालना गरिनेछ।

सभाका सदस्यज्यूहरु,

अब म आगामी वर्ष २०८३/०८४ को विषयगत क्षेत्र अनुसार वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## आर्थिक विकास क्षेत्र

### कृषि तथा पशुपंक्षि विकास क्षेत्र

१३.परम्परागत कृषि प्रणालीलाई प्रविधियुक्त, व्यावसायिक, प्राङ्गारिक, प्रतिष्पर्धात्मक र जलवायूमैत्री बनाउन उन्नत विउ, विरुवा तथा नक्षमा कृषकको पहुँच बढाउने, प्रतिफलमा आधारित पारदर्शी प्रोत्साहन अनुदान नीति अवलम्बन गर्ने र स्याउ, ओखर, सुन्तला, कागती, किवी

एवं हलुवाबेद जस्ता फलफूलका बगैंचा प्रवर्द्धन तथा नर्सरी सुदृढीकरण कार्यक्रमहरू सञ्चालन गरी समग्र उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

१४.नगरपालिकाको भौगोलिक अनुकूलताका आधारमा कृषि भूमिको विशिष्टीकरण गर्दै वडा नं. २, १०, ११ र १२ लाई सुन्तला लगायतका फलफूल एवं वडा नं २, ३, ४, १०, ११, १२ र १३ लाई आलु तथा आँप, र अन्य वडाहरूलाई खाद्यान्न बाली उत्पादनको विशेष क्षेत्रका रूपमा विकास गर्न े विगतको छरिएको स्रोत वितरण प्रणालीलाई पूर्णतः परिमार्जन गरी 'ब्लक र पकेट क्षेत्र अवधारणा' बमोजिम लगानी केन्द्रित गर्दै कृषि अनुदान र प्रोत्साहनलाई वास्तविक कृषकको प्रत्यक्ष पहुँचसम्म पुर्‍याउने नीति अवलम्बन गरिनेछ।

१५.कृषकहरूको क्षमता अभिवृद्धिका लागि उन्नत प्रविधि, व्यावहारिक ज्ञान, नवीन सीप र व्यावसायिक तालिम प्रदान गर्दै परम्परागत कृषि एवं पशुपालन क्षेत्रलाई आकर्षक, उत्पादनशील र दिगो रोजगारीको मुख्य माध्यमको रूपमा विकास गरिनेछ; साथै, स्थानीय स्तरमै स्वरोजगारीका अवसरहरू सिर्जना गरी कृषकहरूको आयआर्जनमा वृद्धि मार्फत गरिबी निवारण गर्ने नीति लिइनेछ।

१६.यस नगरपालिका क्षेत्रभित्र रहेका वास्तविक कृषकहरूलाई प्रत्यक्ष फाइदा पुग्ने गरी सञ्चालित 'कृषकसँग मेयर कार्यक्रम' लाई आगामी वर्ष पनि निरन्तरता स्वरुप यस कार्यक्रमबाट वार्षिक विकास कार्यक्रममा सोझै समेटिने गरी साना तथा लघु उद्यमी, व्यवसायी कृषकहरुलाई उत्प्रेरणा र प्रोत्साहन अनुदान उपलब्ध गराई साझेदारी मोडलमा कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१७.नगरपालिकाको कृषि विकास उपशाखाको प्राविधिक सहयोगमा डिजिटल स्वायल म्यापिङ्ग कार्यविधि, २०८१ बमोजिम सम्भाव्य केही स्थानहरूको माटो परीक्षण भइसकेको र बाँकी स्थानहरुको पनि माटो परिक्षण गरी सोही आधारमा कृषि तथा पशुपंक्षी क्षेत्रका कार्यक्रमहरू तय गरिने, वास्तविक तथ्याङ्कका लागि प्रोफाइल तयार पारिने र सेवासुविधामा दोह-ोरोपन रोकी वास्तविक किसानको पहुँच सुनिश्चित गर्न संघीय नीति अनुरुप किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८.नगरपालिका क्षेत्रभित्र उपलब्ध खानीजन्य श्रोतहरु (जस्तैः टुर्मालिन, काइनाईट, स्लेट,मार्वल,बहुमुल्य पत्थर, ढुंगा आदी) र नदिजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा आदी) को वातावरणमैत्री उत्खनन, प्रशोधन तथा निकासीका लागि आवश्यक समन्वय, सहकार्य र सहजीकरण गरिनेछ। साथै, स्थानीय स्तरमै यी स्रोतहरूमा आधारित प्रशोधन उद्योगहरूको स्थापनालाई विशेष प्रोत्साहन दिइनेछ।

१९.सन् २०३० सम्ममा पशुपंक्षीमा महामारीका रूपमा फैलिने प्रमुख संक्रामक रोगहरू (जस्तैः खोरेत, पिपिआर, स्वाइन फिभर आदिलाई नेपालबाट पूर्ण रूपमा उन्मूलन गर्न देशव्यापी रूपमा निशुल्क, लक्षित र सघन खोप अभियान सञ्चालन गर्ने नेपाल सरकारको नीतिलाई अनुसरण गर्दै ग्रामीण तथा दुर्गम क्षेत्रका किसानहरूसम्म भेटेरिनरी सेवाको पहुँच पुऱ्याउन आधुनिक प्रयोगशालाको सुदृढीकरण, मोबाइल भेटेरिनरी सेवाको विस्तार र स्थानीय तहसम्म दक्ष प्राविधिक जनशक्तिको परिचालन गरी पशुपंक्षी स्वास्थ्य उपचारलाई सुलभ, भरपर्दो र दिगो बनाइनेछ।

२०.नगरपालिकाले टोलटोलमा घुम्ती शिविर सञ्चालन गरी दर्ता प्रक्रियालाई झन्झटमुक्त र - जरिवानाछुटसहित करको दायरा फराकिलो बनाउने तथा नियमित एवं उत्कृष्ट करदातालाई द्रुत सेवा, कर सहुलियत र सार्वजनिक सम्मान प्रदान गरी कर बुझाउने संस्कृतिको विकास गर्नेछ।

२१.नागरिकको घरदैलोमै रोजगारीका अवसर, व्यावहारिक सीप र उद्यमशीलताको पहुँच पुऱ्याउन स्थानीय तहमा 'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र' को सुदृढीकरण गर्दै निजी क्षेत्र, तालिम प्रदायक संस्था, ट्रेड युनियन र सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागितामा एकीकृत विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२२.नमूना उद्यमशिलता विकासका लागि यूवा नव प्रवर्तन स्वरोजगारी सृजनाको लागि सीप विकास सहित प्रविधि हस्तान्तरण मार्फत नवप्रवर्तनमा जोड दिइनेछ ।

२३.वैदेशिक तथा मौसमी रोजगारीमा गएका (भारत लगायतका), फर्केका र व्यवसाय गरिरहेका व्यक्तिहरूको यकिन तथ्याङ्क सङ्कलन गरी उनीहरूको सीप र क्षमताका आधारमा रोजगार, स्वरोजगार एवं उद्यमशीलता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ; साथै, बैंक तथा वित्तीय संस्थाहरूसँगको समन्वयमा सहुलियतपूर्ण ऋणको व्यवस्था मिलाउनुका साथै श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमा कोषमा आबद्ध गराउन आवश्यक पहल गरिनेछ।

२४.युवा जनशक्तिलाई आयआर्जनमा प्रत्यक्ष रुपमा जोड्नका लागि विभिन्न निकायहरुसँगको समन्वय तथा साझेदारीमा रोजगारी बृद्धि गर्ने खालका जीवनोपयोगी तथा आयआर्जनमूलक तालिमहरु जस्तैड्राइभिङ्ग :, सिलाईकटाई, हाउस वाइरिङ्ग, प्लम्विङ्ग, व्यूटी पार्लर, कम्प्यूटर मर्मत, मोटरसाइकल मर्मत, सिकर्मी तथा डकर्मी लगायतका तालिमहरु आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिईनेछ; यसलाई थप प्रभावकारी र नतिजामुखी बनाउन बजारको माग अनुसार परिमार्जन गर्दै प्रशिक्षार्थीहरूलाई पूँजी, प्रविधि र थप व्यावसायिक सञ्जालसँग जोडेर स्वरोजगारी सुनिश्चित गरिनेछ।

२५.नगरपालिकामा सूचनाको हक, प्रेस स्वतन्त्रता र सुशासनलाई सुदृढ बनाउन डिजिटल सूचना प्रविधि नीति जारी गरी कार्यान्वयन गरिनेछ; जसअन्तर्गत स्थानीय पत्रकारहरूको सक्रिय सहभागितामा नगरपालिकाका विकास निर्माण र सेवा प्रवाहबारे सरोकारवालाहरूबीच नियमित सार्वजनिक सुनुवाइ कार्यक्रमहरू सञ्चालन गरिनेछ जसको विभिन्न सञ्चार माध्यम एवं डिजिटल प्लेटफर्ममार्फत व्यापक प्रसारण र प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ।

२६.विपद व्यवस्थापनलाई परम्परागत उद्धार र राहतमुखी सोचबाट परिवर्तन गरी 'पूर्वतयारी र उत्थानशीलता' (Resilience) मा केन्द्रित गर्न स्थानीय तहसम्म विपद जोखिम नक्सांकन (Hazard Mapping) र अत्याधुनिक पूर्वसूचना प्रणाली (Early Waring System) को विस्तार गर्दै, विपद व्यवस्थापन चक्रका चारवटै चरणहरू—पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र न्यूनीकरणलाई एकीकृत रूपमा सञ्चालन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ; साथै तीनै तहका सरकारहरूबीच सञ्चार संयन्त्रको सुदृढीकरण तथा सार्वजनिकसाझेदारीमा-निजी- '**विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष**' लाई प्रभावकारी र पारदर्शी बनाइनेछ।

२७.स्थानीय सरकारको कामकारबाहीमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता प्रवर्द्धन गर्दै लोकतन्त्रको आधारशिला सुदृढ गर्न स्थानीय तथा राष्ट्रिय सञ्चार माध्यमहरूसँग द्विपक्षीय सहकार्य गरिनेछ। यसका लागि **सबल स्थानीय सरकार उत्तरदायी संचार** वा **नगरपालिकासँग मिडिया कार्यक्रम** सञ्चालनमा ल्याइनेछ। यस कार्यक्रम अन्तर्गत नगरको विकास र समृद्धिमा टेवा पुग्ने जनसरोकारका विषय, सामाजिक रूपान्तरणका प्रयास एवं सुशासनका रैथाने अभ्यासहरूलाई आम नागरिकसम्म पुऱ्याउन सञ्चार माध्यमहरूलाई प्रोत्साहित र सबल बनाइनेछ।

**सभा सदस्यज्यूहरु,**

२८.**पर्यटन, उद्योग र खानी: कर्णालीमा गरौं लगानी** भन्ने मूल नारा अनुरुप छेडागाड नगरपालिकाको वडा नं. २ को सुयाडा मालिका मन्दिर, वडा नं. ८ को घोगी र डाँडागाउँमा रहेका धार्मिक तथा पौराणिक देवलहरु, वडा नं. ३ को बाङकोट मालिका गुफा, वडा नं. १० को मालिका मछाईना मन्दिर, वडा नं. १२ र १३ मा पर्ने मालिका मन्दिर, वडा नं. १३ मा पर्ने समालथाना पर्यटकीय क्षेत्र र वडा नं. ४ को चाल्नेमालिका गुफाको पूर्वाधार विकास, संरक्षण र प्रचार प्रसार गरिनेछ ।यसका माध्यमबाट प्रचारप्रसार मार्फत Eco-Tourism को प्रवर्द्धन स्थानीय स्तरमा स्वरोजगारी र आर्थिक उपार्जनका अवसरहरू सिर्जना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२९.छेडागाड खोलामा भइरहेको गैरकानूनी तथा विषादीयुक्त घरेलु विधिबाट माछा मार्ने कार्यलाई स्थानीय प्रशासन र समुदायको सहकार्यमा पूर्ण रूपमा नियन्त्रण गरी प्राकृतिक जलचरको संरक्षण गरिनेछ; साथै, रैथाने माछाको वैज्ञानिक संवर्द्धन गर्दै यसलाई एक विशिष्ट पहिचान सहित आधुनिक प्रशोधन र प्याकेजिङ प्रविधि जोडेर आन्तरिक बजारमा (ब्रान्डिङ्ग) विस्तार गरिनेछ, जसका लागि विपन्न तथा परम्परागत रूपमा माछामा आश्रित स्थानीय समुदायलक्षित दिगो जीविकोपार्जन, क्षमता विकास र व्यावसायिक सामूहिक माछापालनका विशेष कार्यक्रमहरू तर्जुमा गरी चालु आर्थिक वर्षभित्रै प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

३०.नगर क्षेत्रभित्र उत्पादनशील, स्वरोजगारमूलक र रोजगारी सिर्जना गर्ने प्राथमिकता प्राप्त क्षेत्रहरूमा नवप्रवर्तनकारी उद्यमशीलता प्रवर्द्धन गर्न बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक

समन्वय र सहकार्य गरिनेछ; स्थानीय बजारमा प्रतिस्पर्धी वस्तु तथा सेवाको उत्पादन, आपूर्ति र वितरण प्रणालीलाई सुदृढ तुल्याउन निजी क्षेत्रको लगानीलाई विशेष प्रोत्साहन, सहुलियत र आकर्षण गरिनेछ भने अर्कोतर्फ नागरिकहरूलाई वित्तीय शोषणबाट जोगाउन विभिन्न बहानामा चर्को ब्याज असुल गर्ने, सेवा शुल्कका नाममा वित्तीय बोझ थोपर्ने र कानुन विपरीत सञ्चालनमा रहेका गैरजिम्मेवार वित्तीय संस्थाहरू, मिटरब्याजी तथा लघुवित्तका अनुचित कार्यहरूलाई कडाइका साथ अनुगमन, नियमन र कानुनी दायरामा ल्याई नागरिकको आर्थिक सुरक्षा सुनिश्चित गरिनेछ ।

३१.यस नगरपालिकाको वडा नं. ७ लाई विशेष वडाको रूपमा विकास गर्ने नीति अनुरूप त्यहाँ अवस्थित रैथाने जातीय पहिचान, सांस्कृतिक सम्पदा तथा स्थानीय प्राकृतिक स्रोतहरूको वैज्ञानिक पहिचान र दिगो परिचालन गरिनेछ; साथै उक्त क्षेत्रलाई प्रमुख पर्यापर्यटन गन्तव्यका - कार्यक्रमको प्रवर्द्धन (होमस्टे) रूपमा स्थापित गर्न स्थानीय रैथाने संस्कृति झल्कने घरबास, पर्यटकीय पदमार्ग (हाइकिङ्ग ट्रेल), भ्यूटावर, आरामस्थल लगायतका आवश्यक पर्यटन पूर्वाधारहरूको निर्माण तथा स्थानीय युवा एवं महिलाहरूका लागि उद्यमशीलता र पर्यटन सम्बन्धी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन मार्फत स्थानीयको आर्थिक जीवनस्तरमा सुधार ल्याइनेछ।

**सभाका सदस्यज्यूहरु,**

**सामाजिक विकास क्षेत्र**

३२.नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई स्थानीय स्तरमा पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि नगरभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा e-LMIS प्रणाली शतप्रतिशत लागू गरी औषधिको माग, खरिद, भण्डारण र वितरण प्रक्रियालाई पूर्ण रूपमा प्रविधिमैत्री एवं पारदर्शी बनाइनेछ; साथै सरकारद्वारा घोषित निःशुल्क उपलब्ध गराइने अत्यावश्यक औषधिहरूको निरन्तर आपूर्ति सुनिश्चित गर्दै "शून्य मौज्दात"(Zero Stock-out) को अवस्था सिर्जना गरी नागरिकलाई सहज र नियमित स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

३३.नगर अस्पतालको भौतिक पूर्वाधारको स्तरोन्नति, आवश्यक दक्ष विशेषज्ञ चिकित्सक तथा स्वास्थ्य जनशक्तिको व्यवस्थापन र आधुनिक उपकरणसहित प्राविधिक क्षमताको विकास गरी सम्पूर्ण नगरवासीलाई स्थानीय स्तरमै झन्झटरहित, सर्वसुलभ, भरपर्दो र उच्च स्तरको उपचारात्मक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

३४.यस नगरपालिकाको वडा नं. ३ स्थित एकमात्र प्राज्ञिक शैक्षिक संस्था जनज्ञानकुञ्ज क्याम्पसको शैक्षिक, प्रशासनीक र संस्थागत क्षमता अभिबृद्धि मार्फत उक्त क्याम्पसलाई शैक्षिक हवको रुपमा विकास गरिनेछ ।

३५.संविधानले प्रत्याभूत गरेको नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई स्थानीय स्तरमा पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगर अस्पतालको भौतिक पूर्वाधार, दक्ष जनशक्ति र प्राविधिक क्षमताको विकास गरी नागरिकलाई स्थानीय स्तरमै सर्वसुलभ, भरपर्दो र उच्च स्तरको उपचारात्मक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

३६.नगरपालिका अन्तर्गतका ५ वटा स्वास्थ्य केन्द्रहरु र नगर अस्पतालबाट प्रवाह भईरहेको सुरक्षित गर्भपतन सेवालाई थप सुरक्षित, भरपर्दो, गोप्य र प्रभावकारी बनाउन आवश्यक दक्ष जनशक्ति, आधुनिक उपकरण तथा औषधीको निरन्तर व्यवस्थापन गरिनेछ; साथै, लक्षित वर्गको पहुँच अभिवृद्धि गर्न पायक पर्ने अन्य स्वास्थ्य संस्थाहरुमा समेत भौतिक पूर्वाधार र प्राविधिक क्षमता सुदृढ गरी सेवा विस्तार गर्ने नीति लिइनेछ।

३७.नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुमा सुरक्षित सुत्केरी गराउने महिलाहरुलाई प्रोत्साहन स्वरूप तुरुन्तै नगद उपलब्ध गराउने साथै, स्थानीय स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउन र मातृ–शिशु स्वास्थ्य सुरक्षालाई सुदृढ गर्न हाल उपलब्ध हुँदै आएको **'निशुल्क एम्बुलेन्स सेवा'** लाई थप सुविधा सम्पन्न, २४ सै घण्टा उपलब्ध हुने गरी प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

३८.लक्षित वर्गको स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न विभिन्न दातृ निकाय, गैरसरकारी संस्था तथा स्वास्थ्य क्षेत्रका साझेदारहरूसँगको निरन्तर समन्वय र सहकार्यमा महिलाको पाठेघर

खस्ने समस्या (Uterine Prolapse), पाठेघरको क्यान्सर स्क्रिनिङ (Cervical Cancer Screening), आँखा, हाडजोर्नी लगायतका गम्भीर तथा जटिल प्रकृतिका रोगहरूको पहिचान, निशुल्क उपचारः, र शल्यक्रिया समेतलाई समेट्ने गरी स्थानीय स्तरमै एकीकृत विशिष्टीकृत स्वास्थ्य शिविरहरूलाई थप प्रभावकारी र बिस्तारित रूपमा सञ्चालन गरिनेछ ।

३९. विद्यालयको भौतिक सर्वेक्षणद्वारा सेवाप्रवाहको क्षेत्र निर्धारण गरी विद्यालय नक्सांकन, समायोजन र दरवन्दी मिलानको कार्यलाई निरन्तरता दिईनेछ ।

४०. विद्यालय ब्यवस्थापन पदाधिकारीहरुको क्षमता विकास गरी सामुदायिक विद्यालयहरुको विकासमा समुदायको सक्रिय योगदान तथा विद्यालय सुशासन कायम गरिनेछ । विद्यालयमा मासिक, वडास्तरमा त्रैमासिक र पालिका स्तरमा अर्धवार्षिक तथा वार्षिक समिक्षा एवं सार्वजनिक सुनुवाइ गर्ने ब्यवस्था मिलाईनेछ ।

४१. योग्य र सक्षम व्यक्तिलाई प्रद्यानाध्यापक बनाउने नीतिगत व्यवस्था गरिनेछ । सबै कक्षाहरुको मूल्यांकन तथा परीक्षालाई थप ब्यवस्थित गर्दै लगिनेछ ।

४२. बालविकास कक्षालाई स्रोत साधन सम्पन्न,वालमैत्री तथा प्रविधिमैत्री कक्षाको रुपमा विकास गरिनेछ । विद्यालयहरुमा वालमैत्री न्यूनतम पूर्वाधार सूनिश्चित गरिनेछ ।

४३. आधारभूत विद्यालय शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क प्रदान गर्नका लागि आवश्यक ब्यवस्था गरिनेछ । विद्यालय वाहिर रहेका वालवालिकाको पहिचान गरी सामुदायिक सिकाइ केन्द्रमार्फत बैकल्पिक अनौपचारिक शिक्षा प्रदान गरी कम्तिमा आधारभूत तह पुरा गर्ने सुनिश्चित गरिनेछ ।

४४. प्रत्येक माध्यमिक विद्यालयमा कम्तिमा एक Smart कक्षा स्थापना गरिनेछ । सबै विद्यालयहरुमा प्रविधिमैत्री शिक्षाको न्यूनतम पूर्वाधार सूनिश्चित गरी AI, डिजिटल सामग्री र ई–लर्निङ (E-Learning) प्रणालीको प्रयोगलाई प्रोत्साहन गरिनेछ । माध्यमिक विद्यालयमा डिजिटल हाजिरी लागू गरिनेछ ।

४५. माध्यमिक तथा निम्नमाध्यमिक तहको विषयगत शिक्षक अभाव पूर्ति गर्नका लागि क्याम्पसतथा कक्षा १२ मा अध्ययनरत अंग्रेजी, गणित तथा विज्ञान विषयका विद्यार्थीहरुलाई इन्टर्नसिप स्वरुप स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

४६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम मार्फत विद्यार्थीहरुलाई सिक्दै कमाउदै गर्ने वातावरण तय गरिनेछ । अपाङ्गता भएका वालवालिकाको विद्यालय शिक्षामा पहुँच सूनिश्चित गर्न घरमै विद्यालय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४७. विषयगत नतिजामा विषयगत शिक्षक र विद्यालयको समग्र नतिजामा प्रधानाध्यापकलाई प्रमुख जिम्मेवार वनाई कार्यसम्पादनमा आधारित प्रोत्साहन दिने नीति अवलम्वन गरिनेछ ।

४८. ठुला तथा आवाशिय विद्यालय सञ्चालनका लागि पूर्वाधार एवं नीतिगत ब्यवस्था मिलाइनेछ । अभिभावक विहिन तथा जोखिममा रहेका वालवालिकाको लागि निशुल्क आवासीय सुविधा सहित अध्ययन गर्ने ब्यवस्था मिलाइनेछ ।

४९. स्थानीय कृषि उपजलाई विद्यालय दिवा खाजामा उपभोग गर्ने ब्यवस्था मिलाई स्थानीय अर्थतन्त्रको विकासमा टेवा पुर्याउनुका साथै पोषणयुक्त अर्गानिक दिवा खाजाको ब्यवस्था गरिनेछ । एक वडा एक नमुना विद्यालय भान्साघर निर्माण गरिनेछ ।

५०. विद्यालयको समन्वय र विद्यालयको दैनिक प्रतिबेदन नगरपालिकामा सम्प्रेषण विद्यालयका सूचना अधिकारी मार्फत गरिनेछ । सिकाउनका लागि सिकाई कार्यक्रम मार्फत शिक्षकको पेशागत विकासका लागि अनलाइन र अफलाईन माध्यमवाट आवश्यकतामा आधारित तालिमको ब्यवस्था गरिनेछ ।

५१. विद्यालयमा खेलकुद र अतिरिक्त तथा सहक्रियाकलापलाई अनिवार्य बनाउनुका साथै विद्यालयहरुमा खेलकुद प्रशिक्षणका लागि खेलकुद प्रशिक्षक मार्फत विद्यालयका खेलकुद शिक्षकहरुको क्षमता विकास गरी विद्यार्थीहरुलाई खेलकुद सम्वन्धी प्रशिक्षण दिने ब्यवस्था गरिनेछ । खेलकुदका लागि कभर्ड हल, खुला जिम केन्द्र तथा खेल मैदानको विकासका लागि आवश्यक ब्यवस्था मिलाइनेछ ।

५२. करार शिक्षक तथा विद्यालय कर्मचारी नियुक्तिका लागि प्रश्नपत्र बैंक मार्फत प्रश्नपत्र छनौट गरी परीक्षा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै विद्यालयहरुमा रिक्त करार शिक्षक तथा

विद्यालय कर्मचारीहरुको लागि नगरपालिकावाटै विज्ञापन प्रकाशन गरी सिफारिस गर्ने साथै योग्य शिक्षकहरुको करार सूची तयार गरी योग्यताक्रम अनुसार सिफारिस गर्ने गरी शिक्षक बैंक तयार गर्ने प्रणालीको नीतिगत ब्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

५३.सबै विद्यालयको न्यूनतम सिकाइ उपलब्धि मापन गरी कमजोर सिकाइ उपलब्धि भएका विद्यालयलाई विषयगत विशेषज्ञ शिक्षकको परिचालन गरी कक्षाकोठामा आधारित शिक्षकको सुपरीबेक्षण मार्फत सुधार योजना लागू गरिनेछ । वार्षिक नगर शैक्षिक सम्मेलन आयोजना गरिनेछ ।

५४.भूकम्प प्रतिरोधी, बालमैत्री तथा वातावरणमैत्री विद्यालय भवन निर्माण पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला र खेलमैदानको स्तरोन्नति सुरक्षित खानेपानी, स्वच्छ शौचालय तथा महिनावारीमैत्री संरचना निर्माण गरिनेछ ।

५५. वालवालिकाहरुको प्रतिभा पहिचानका लागि विभिन्न क्रियाकलापहरु वडास्तर र नगर स्तरमा सञ्चालन गरिनेछ ।विद्यालयमा योग अभ्यास, करियर काउन्सिलिङ्ग तथा सकारात्मक सोच विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । विपद्को समयमा सिकाइ निरन्तरताको लागि आवश्यक कार्य गरिनेछ ।युवाहरुमा सकारात्मक सोच, स्वस्थ शरिरको विकासका लागि खुला जिम केन्द्र स्थापना लगायत विभिन्न खेलकुदका क्रियाकलापहरु सञ्चालन गरिनेछ । युवा नवप्रवर्तन, नेतृत्व विकास तथा स्वयंसेवा गर्ने संस्कृतिको विकास गरिनेछ ।

५६.एक विद्यालय–एक करेसाबारी कार्यक्रम लागु गरी विद्यालयलाई उत्पादनमा जोडिनेछ । सुरक्षित र हरित विद्यालय निर्माणका लागि हरित विद्यालय तथा विद्यालयमा जलवायु शिक्षा अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

५७.विद्यालय, शिक्षक र विद्यालय कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजामूखी वनाउन वार्षिक रुपमा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारी सम्मान गरिनेछ । उत्कृष्ट विद्यार्थी छात्रवृत्ति उपलब्ध गराइनेछ ।

५८. विभिन्न सरकारी तथा गैरसरकारी साझेदार निकायहरूसँगको समन्वय र सहकार्यमा ग्रामीण एवं लक्षित वर्गका नागरिकहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउने उद्देश्यले महिलाको पाठेघर खस्ने समस्या र पाठेघरको क्यान्सर स्क्रिनिङ, तथा आँखा एवं हाडजोर्नी सम्बन्धी निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

५९.ज्येष्ठ नागरिकहरुको परिपक्व स्वास्थ्य अवस्था र संवेदनशीलतालाई मध्यनजर गर्दै उनीहरुमा देखिन सक्ने नसर्ने रोगहरु जस्तै : मधुमेह, उच्च रक्तचाप, मुटुको समस्या आदिको पहिचान गरी समयमै रोकथाम र प्रभावकारी व्यवस्थापन गर्नका लागि **मेयरसँग ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम**लाई थप व्यवस्थित र विस्तार गर्दै निरन्तरता दिईनेछ ।

६०.विद्यार्थीहरूको शारीरिक तथा मानसिक स्वास्थ्य, पोषण अवस्था, र सरसफाइमा सुधार ल्याई स्वस्थ शैक्षिक वातावरण निर्माण गर्न '**एक विद्यालय, एक नर्स कार्यक्रम**लाई परिमार्जनसहित निरन्तरता दिइनेछ; यस अन्तर्गत विद्यालय नर्सहरूको भूमिकालाई केवल प्राथमिक उपचारमा मात्र सीमित नराखी स्वास्थ्य सचेतना, महिनावारी स्वच्छता व्यवस्थापन, र किशोरकिशोरी मनोपरामर्श (Mental Counseling) कार्यमा समेत व्यापक रूपमा परिचालन गर्न स्पष्ट कार्यविधि र परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

६१.नागरिकहरूको समग्र सुख, समृद्धि र उत्पादकत्व अभिवृद्धि गर्न आधुनिक जीवनशैली र मनोसामाजिक दबाबका कारण बढ्दै गएका मानसिक स्वास्थ्य समस्याहरूलाई सम्बोधन गर्न आवश्यक भएकाले; जनचेतना अभिवृद्धि, प्रारम्भिक पहिचान, परामर्श तथा विशिष्टीकृत उपचार सेवालाई स्थानीय तहसम्म विस्तार गरी मानसिक स्वास्थ्यलाई आम नागरिकको पहुँचमा पुऱ्याउन र स्वस्थ एवं उत्पादनशील जनशक्ति निर्माण गर्न 'सवल मानसिक स्वास्थ्य, समृद्ध राष्ट्र' नीति अनुरूप **विशेष मानसिक स्वास्थ्य कार्यक्रम** सञ्चालन गरिनेछ।

६२.घरमै सुत्केरी हुने दर, बालमृत्युदर तथा मातृ मृत्युदरमा उल्लेख्य कमी ल्याउन मेडिक मोबाइल (Medic Mobile) प्रविधिलाई थप परिमार्जन गर्दै सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई जिम्मेवार, प्रविधिमैत्री र उत्तरदायी बनाइनेछ; साथै ग्रामीण तहका गाउँघर क्लिनिकहरूलाई थप साधनस्रोत सम्पन्न र व्यवस्थित बनाउँदै - नियमित खोप कार्यक्रमलाई पूर्ण पहुँचयुक्त, प्रभावकारी र खोपको खेर जाने दर (Vaccine Wastage Rate) लाई न्यूनिकरण गर्ने गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।

६३.स्वास्थ्य सेवाको गुणस्तर र सूचकहरूमा निरन्तर सुधार ल्याउन स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन, प्राप्त नतिजाका आधारमा प्रभावकारी पृष्ठपोषण र स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि सघन अनलाइन कोचिङ्ग (Online Caoching) जस्ता प्रविधिमैत्री कार्यक्रमहरूलाई वडा र टोलसम्म नियमित, व्यवस्थित र सघनरूपमा सञ्चालन गरिनेछ।

६४.आगामी दिनहरूमा निर्माण गरिने खानेपानी तथा सरसफाइका योजनाहरूलाई अनिवार्य रूपमा बालमैत्री, अपाङ्गतामैत्री एवं वातावरणमैत्री बनाई दिगो सेवा सुनिश्चित गरिनेछ; साथै, सञ्चालित योजनाहरूको नियमित मर्मत- संभारका लागि मर्मत संभार कोषको स्थापना र हेरालु (मर्मत कार्यकर्ता) व्यवस्थापनलाई प्रणालीगत र संस्थागत गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्था मिलाईनेछ ।

६५.गर्भवती महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्थाको समयमै पहिचान गरी मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउन हाल सञ्चालित 'ग्रामीण भिडियो एक्सरे (अल्ट्रासाउन्ड) कार्यक्रम' लाई क्षेत्र विस्तार गर्दै आगामी आर्थिक वर्षभित्र थप स्वास्थ्य संस्थाहरूमा उपकरण, आवश्यक दक्ष जनशक्ति र तालिमको व्यवस्थासहित सञ्चालनमा ल्याई ग्रामीण क्षेत्रका नागरिकको पहुँचमा गुणस्तरीय, प्रभावकारी र भरपर्दो स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

६६.नगरपालिकाका सबै वडाहरूलाई पूर्ण सरसफाईयुक्त बनाउन खानेपानी, शौचालयको दिगो उपयोग, फोहोरमैलाको स्रोतमै वर्गीकरण तथा व्यवस्थापन र वातावरणीय स्वच्छताका तोकिएका सूचकहरूका आधारमा विस्तृत कार्ययोजना र निर्देशिका तर्जुमा गरी स्थानीय समुदाय तथा सरोकारवालाहरूको सहभागितामा आगामी आर्थिक वर्षभित्रै 'पूर्ण सरसफाई वडा' घोषणा गर्ने कार्यक्रमलाई अभियानका रूपमा कार्यान्वयन गरिनेछ ।

६७.नगरभित्रका स्वच्छ खानेपानीका मुहानहरूको पहिचान, संरक्षण र नियमित गुणस्तर परीक्षण (Lab Test) गर्दै 'एक घर, एक धारा' को अवधारणालाई पूर्ण रूपमा कार्यान्वयन गर्न गौरवका खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ; साथै खानेपानीको दिगो आपूर्ति र गुणस्तर

सुनिश्चितताका लागि नगरपालिकाको नेतृत्वमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, विकास साझेदार र उपभोक्ता समितिसँग त्रिपक्षीय साझेदारी एवं लगानी प्रवर्द्धन गरी रणनीतिक योजनाहरू निर्माण तथा सञ्चालन गरिनेछ ।

**सभाका सदस्यज्यूहरु**

६८.महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक तथा कानुनी सबलीकरण र सर्वाङ्गिण उत्थानका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनुका साथै महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, उत्पीडन र भेदभावलाई शून्य सहनशीलता (Zero Tolerance) को नीति अनुरूप पूर्ण रूपमा अन्त्य गर्न कानुनी, प्रशासनिक र सचेतनामूलक उपायहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

६९.स्थानीय उत्पादनमा आधारित विद्यालय दिवाखाजा व्यवस्थापन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन एक गाउँ एक नमूना भान्साघर निर्माणको अवधारणा बमोजिम पूर्वाधार निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखि निरन्तरता दिइनेछ ।

७०.सेभ द चिल्ड्रेन (Save The Children) सँगको साझेदारीमा संचालित सहयात्रा तेस्रो " मार्फत बालअधिकार "परियोजना, बालसंरक्षण, बालगरिबी न्यूनीकरण, बालमैत्री शिक्षा तथा महिला र बालबालिकाको समग्र विकासका क्षेत्रमा आवश्यक लागत साझेदारी (Cost Sharing) गरि लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७१.नगरपालिकाभित्र विविध कारणले जोखिममा परी विद्यालय शिक्षाको अवसरबाट वञ्चित भएका, अनिच्छापूर्वक जोखिमपूर्ण कार्यमा संलग्न रहेका, बालश्रममा परेका तथा बालविवाहको उच्च जोखिममा रहेका बालबालिकाहरुको सर्वोत्तम हितलाई ध्यानमा राखी उनीहरुको उद्धार, संरक्षण र शिक्षाको सुनिश्चितता गरिनेछ । बालश्रम र बालविवाह जस्ता सामाजिक कुप्रथाहरुको रोकथाम तथा न्यूनीकरणका लागि नगरपालिका क्षेत्रभित्र क्रियाशील विभिन्न सरकारी निकाय, गैरसरकारी संघसंस्था-, नागरिक समाज र स्थानीय सरोकारवालाहरुसँग नवप्रवर्तनात्मक समन्वय, सहकार्य तथा साझेदारीलाई सबल बनाइनेछ र यसै अभियानको

निरन्तरता स्वरूप संस्थागत र संरचनागत व्यवस्थापन सुदृढ गर्दै आगामी आर्थिक वर्षभित्र नगरपालिकाका सबै वडाहरुलाई र आगामी १ वर्षभित्र सिंगो नगरपालिकालाई नै पूर्ण सूचक सहितको '**बालमैत्री स्थानीय शासन नगरपालिका**' घोषणा गरिनेछ।

७२.घरपरिवार, समुदाय तथा विद्यालयहरूमा बालबालिकामाथि हुने शारीरिक, मानसिक, तथा यौनजन्य हिंसा एवं बालश्रम जस्ता कुप्रथाहरूको पूर्ण रूपमा अन्त्य गर्नका लागि बालक्लब तथा वडा बालअधिकार समितिहरूलाई सक्रिय बनाउँदै समुदाय तथा बस्तीस्तरमा व्यापक रूपमा सचेतनामूलक तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै, सामाजिक व्यवहार परिवर्तन र जनचेतना अभिवृद्धिका लागि समुदायमा रहेका धार्मिक तथा परम्परागत अगुवाहरूलाई गोलबन्द गरी पालिका तथा वडास्तरीय विशेष समूहहरू गठन गरेर परिचालन गरिनेछ ।

७३.नगरपालिकाभित्रका अति जोखिममा रहेका, असहाय, अनाथ तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरू र निजहरूको घरपरिवारको वस्तुगत पहिचान तथा अभिलेखीकरण गरिनेछ । साथै, पहिचान भएका बालबालिकाहरूको प्राथमिकता र संवेदनशीलताका आधारमा व्यवस्थित रूपमा 'घटना व्यवस्थापन' (Case Management) प्रक्रिया अवलम्बन गरी राहत, उद्धार, मनोसामाजिक विमर्श, कानुनी सहायता तथा शिक्षा, स्वास्थ्य र जीविकोपार्जनमा केन्द्रित अल्पकालीन तथा दीर्घकालीन सहयोग एवं संरक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

७४.नगरपालिका तथा वडा स्तरमा गठित बालअधिकार समितिहरूलाई पूर्ण रूपमा क्रियाशील बनाई स्थानीय बालसंरक्षण प्रणालीलाई सबलीकरण गरिनेछ; साथै, नगर बाल अक्षयकोष तथा नगर प्रमुखज्यूको पारिश्रमिकबाट स्थापित लगायतका "**नगर बाल हित कोष**" बालबालिकासम्बन्धी कोषहरूमा थप बजेट विनियोजन गरी सुदृढ गरिनेछ र सो कोषमार्फत विपन्न, जेहेन्दार एवं विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूलाई लक्षित गरी शैक्षिक छात्रवृत्ति, पोशाक, शैक्षिक सामग्री तथा आकस्मिक बालसंरक्षण सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७५.सामाजिक क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी, निजी एवं नागरिक समाज लगायतका सबै साझेदार निकायहरूसँगको सुदृढ समन्वय, सहकार्य र साझेदारीमा लक्षित एवं प्रभावकारी कार्यक्रमहरू तर्जुमा गरिनेछ; र समाजमा विद्यमान सबै प्रकारका सामाजिक विभेद, बहिष्करण, उत्पीडन र हिंसामा परेका वर्ग, लिंग, क्षेत्र र समुदायको उत्थान, सशक्तिकरण एवं संरक्षण गर्दै उनीहरूलाई प्रत्यक्ष र न्यायोचित लाभ पुग्ने गरी कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

७६.नगर प्रमुखको सेवा सुविधा वापत प्राप्त हुने सम्पूर्ण रकम कटौती गरी उक्त रकमबाट एक छुट्टै 'आकस्मिक बालकल्याण कोष' स्थापना गरिनेछ र सो कोषको परिचालन मार्फत नगरभित्रका असहाय, विपन्न, अनाथ तथा अपाङ्गता भएका बालबालिकाहरूको निशुल्क : पठनपाठन, शैक्षिक सामग्री व्यवस्थापन, स्वास्थ्य उपचार र चौतर्फी वृत्तिविकासका लागि विशेष संरक्षण तथा सहयोग प्याकेज पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ।

७७.जोखिममा रहेका, टुहुरा, असहाय, विपन्न, अपाङ्गता भएका, द्वन्द्व प्रभावित तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको समयमै पहिचान गरी उनीहरूको संरक्षण, पुनःस्थापना र सशक्तीकरणका लागि एकीकृत कार्यक्रमहरू सञ्चालन गरिनेछ; बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण र अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ तथा बालबालिकाका गुनासो, पीरमर्का र समस्याहरूलाई उचित एवं - द्रुत रूपमा सम्बोधन गर्न हाल क्रियाशील संयन्त्रहरूलाई थप सुदृढ र प्रभावकारी बनाउँदै नगरपालिकाको टोल फ्री नम्बरलाई सबै बालबालिका र सरोकारवालाहरूको सहज पहुँचमा पुऱ्याइनेछ।

७८.विद्यालय तथा समुदाय स्तरमा वातावरणीय स्वच्छता र जनस्वास्थ्यमा सुधार ल्याउन प्लाष्टिकजन्य वस्तुहरू एवं स्वास्थ्यका लागि हानिकारक जंक फुड (Junk Food) को प्रयोगलाई पूर्ण रूपमा निषेध वा नियन्त्रण गरिनेछ; साथै, स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा अर्गानिक कृषि उपजहरूको उत्पादन, विविधीकरण र बजारीकरणलाई प्रोत्साहन गर्दै स्थानीय खाद्य पदार्थको उपभोग र प्रवर्द्धनका लागि विशेष अभियान सञ्चालन गरिनेछ।

७९.बैंकिङ्ग प्रणालीबाट वितरण भइरहेको सामाजिक सुरक्षा भत्तालाई थप प्रविधिमैत्री, झन्झटरहित र व्यवस्थित बनाई सेवाग्राहीको सहज एवं सरल पहुँच सुनिश्चित गर्न हाल अभ्यासमा रहेको बायोमेट्रिक (Biometric) प्रणालीलाई आगामी आर्थिक वर्षदेखि थप सुदृढ र परिमार्जित गरिनेछ साथै बायोमेट्रिक प्रणाली प्रभावकारि नभएको अवस्थामा नगरपालिका क्षेत्रभित्र क्लष्टर तोकी पायक पर्ने स्थानबाट सेवा संचालन गर्ने गरी आवश्यक आइरिस डिभाइस (Iris Devices) हरू खरिद गरी आँखाको नानी पहिचान गर्ने प्रविधिमार्फत प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

**सभाका सभासदस्यज्यूहरु**

**अव म आगामी आ.व. २०८३।०८४मा भौतिक पूर्वाधार विकास क्षेत्रतर्फ लिइने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

८०.सडक संजालको पहुँच विस्तार तथा अन्तरआवद्धतालाई सुदृढ गर्न वडा नं. ८ र ६ जोड्ने नाउरीघाट मोटरेबल पुल, वडा नं. ९ र ५ जोड्ने चल्लोपोले मोटरेबल पुल र शिवालय ९ र छेडागाड १२ अम्रैचौर जोड्ने बालुवाबजार मोटरेवल पुल निर्माणका लागि संघ तथा प्रदेश सरकारका निकायहरुसँग आवश्यक समन्वय र सहकार्यमा आगामी आर्थिक वर्षभित्र निर्माणको कार्य अगाडी बढाईनेछ ।

८१.नगरपालिका क्षेत्रभित्र विगतका वर्षहरूदेखि विभिन्न निकायहरूबाट निर्माण सुरु भई अधुरो र अलपत्र अवस्थामा रहेका विद्यालय तथा अन्य सरकारी भवनहरूलाई स्थानीय स्रोतको सीमितता समेतलाई दृष्टिगत गरी, आवश्यकता र प्राथमिकताका आधारमा संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न दातृ निकायहरूसँगको लागत साझेदारी र समन्वयमा क्रमशः सम्पन्न गर्दै लगिनेछ।

८२.सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा नगरपालिकाभित्रका सडक सञ्जालको स्तरोन्नति, मर्मतसम्भार तथा कालोपत्रे गर्ने कार्यलाई तीव्रता दिँदै स्थानीय - नागरिक, सबै विद्यालय, स्वास्थ्य संस्था एवं सार्वजनिक स्थलहरूमा बाह्रै महिना सहज, सुरक्षित र भरपर्दो यातायात पहुँच सुनिश्चित गरिनेछ।

८३.नगरपालिका क्षेत्रभित्र तीनै तहका सरकार तथा विभिन्न दातृ निकायहरूको लगानीमा निर्माण हुने सम्पूर्ण सार्वजनिक तथा सरकारी भौतिक संरचनाहरू प्रशासकीय भवन, विद्यालय, स्वास्थ्य संस्था, सडक, खानेपानी तथा सार्वजनिक शौचालय आदिलाई अनि (लाई अपाङ्गतामैत्री (पहुँचयुक्त), लैङ्गिक तथा बालबालिका मैत्री (GEF) मापदण्ड र अवधारणा अनुरूप निर्माण गर्ने नीतिलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ र पुराना संरचनाहरूलाई क्रमशः सुधार र मर्मत गर्दै लगिनेछ।

८४. स्थानीय तहमा उपलब्ध कृषि योग्य तथा हाल बाँझो रहेको भूमिको लगत संकलन गरी कृषि विकास बैंक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र तथा अन्य साझेदार संस्थाहरुसँगको समन्वय र सहकार्यमा मझौला तथा साना सिंचाई आयोजना, लिफ्ट मुस, बोरिङ्ग, थोपा र कूलो सिंचाई आयोजनाहरुको कार्यान्वयन गर्दै लगिनेछ । जसबाट बाह्रै महिना सिंचाई सुविधा सुनिश्चित भई आधुनिक प्रविधि, उन्नत विउ विजन र अनुदानका कार्यक्रम मार्फत कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी परम्परागत खेती प्रणालीलाई व्यवसायिक, सामुहिक र चक्लाबन्दी खेती तर्फ रुपान्तरण गरिनेछ ।(भौतिक पूर्वाधारमा नभई आर्थिक विकामा राख्ने)

८५.नगरक्षेत्रभित्रको सञ्चार सेवालाई तीव्र, भरपर्दो र सर्वसुलभ बनाउन सरोकारवाला निकाय, नेपाल दूरसञ्चार प्राधिकरण तथा सेवा प्रदायक संस्थाहरूसँग आवश्यक समन्वय, सहजीकरण मार्फत पूर्वाधार विकासमा साझेदारी गरिनेछ।

८६.नेपाल विद्युत प्राधिकरणले ठेक्का आह्वान गरिसकेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै, नगरपालिकाका सबै वडाहरूमा राष्ट्रिय विद्युत प्रसारण लाइनको पहुँच अझै पुग्न नसकेकाले, नेपाल विद्युत प्राधिकरण लगायतका सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र निरन्तर फलोअप गरी आगामी २०८४ भित्र नगरका सम्पूर्ण वडाहरुमा गुणस्तरीय विद्युत सेवा विस्तार गरिनेछ।

८७.स्थानीय तहमा दिगो र भरपर्दो ऊर्जा संकट समाधानका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार निकायहरू र निजी क्षेत्रसँग सहकार्य गर्दै "हरित वडा, उज्यालो शैक्षिक एवं स्वास्थ्य संस्था" अभियान अन्तर्गत चालु आर्थिक वर्षभित्र सबै वडा कार्यालय, स्वास्थ्य चौकी र सामुदायिक विद्यालयहरूमा आवश्यकता अनुसार सौर्य ऊर्जा (Solar Power) वा उपयुक्त वैकल्पिक ऊर्जा प्रणाली जडान गरी प्रशासनिक तथा शिक्षण सिकाई कार्यलाई प्रविधिमैत्री र सेवा प्रवाहलाई बाह्रै महिना निरन्तर र सहज बनाइनेछ।

**सभाका सदस्यज्यूहरु**

**अब म आगामी आर्थिक वर्ष २०८३।०८४ मा वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

८८. भूकम्प पश्चातको पुनर्निर्माण कार्यलाई तीव्र रूपमा अगाडि बढाउन विस्तृत क्षति अनुमान (Detailed Damage Assessment) प्रतिवेदनका आधारमा पहिचान भएका प्राविधिक, कानुनी तथा प्रक्रियागत जटिलताहरूलाई तत्काल सम्बोधन गरिनेछ र सम्बन्धित निकायहरू बीचको समन्वयलाई प्रभावकारी बनाउँदै उपलब्ध स्रोत, साधन र प्रविधिको अधिकतम उपयोग गरी बाँकी रहेका पुनर्निर्माणका कार्यहरू निर्धारित समयभित्रै सम्पन्न गर्न आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था मिलाइनेछ ।

८९. वर्षायाममा हुने बाढी, पहिरो लगायतका सम्भावित प्राकृतिक विपद्को वैज्ञानिक जोखिम सम्भाव्यता अध्ययन (Risk Mapping) गरी सोको असर न्यूनीकरणका लागि आवश्यक न्यूनतम बजेट, दक्ष जनशक्ति तथा भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ साथै विपद पूर्व सूचना प्रणाली (Earley Warning System) लाई थप अत्याधुनिक र प्रभावकारी बनाउँदै, विपद् परेका बखत पीडित नागरिकहरूको तत्काल उद्धार, राहत, पुनःस्थापना र पुनर्लाभ (Build Back Better) का कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्न नगरपालिकामा रहेको नगर आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) र सबै वडाहरूमा गठित वडा आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई स्रोत साधन सम्पन्न चौविसै घण्टा उच्च तयारी अवस्था (Standby Zone) राखिनेछ ।

९०. नगरपालिका क्षेत्रभित्रका अति विपन्न, गरिब तथा असहाय नागरिकहरूलाई मध्यनजर गर्दै दीर्घरोगको उपचारका लागि थप आर्थिक सहायता एवं औषधि उपचार खर्चको उचित व्यवस्था मिलाइनेछ; साथै, प्राकृतिक विपत्तिका कारण ज्यान गुमाएका नागरिकका पीडित परिवारलाई राहत स्वरूप किरिया खर्च उपलब्ध गराउने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।

९१. कर्णाली प्रदेश सरकारको 'दिगो वन समृद्ध जीवन' भन्ने मूल सोच अनुरूप यस नगरपालिका क्षेत्रभित्र वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन पद्धती अवलम्बन गरिनेछ । जस अन्तर्गत वन क्षेत्र तथा वनपैदावारको उत्पादकत्व र उत्पादनमा वृद्धि गर्दै, काठ, दाउरा तथा गैर वनपैदावारको सहज आपूर्ती सुनिश्चित गरिनेछ । र स्थानीय स्तरमा हरित रोजगारीका अवसरहरू सिर्जना गरिनेछ; साथै, नगरपालिका क्षेत्रभित्र प्रचलित खोटो संकलन, बहुमूल्य जडीबुटी संकलन, भण्डारण, प्रशोधन र बिक्री वितरण लगायतका कार्यहरूलाई वातावरणमैत्री, पारदर्शी, र व्यवस्थित बनाउन आवश्यक नीति, कार्यविधि तथा नियमन प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

९२. नगरपालिका क्षेत्रभित्र भूकम्प, बाढी, पहिरो, आँधी र डुबान जस्ता सम्भावित प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न समुदायमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ; साथै भूकम्प प्रतिरोधात्मक भौतिक संरचना निर्माणलाई प्रोत्साहन गर्ने, जोखिमयुक्त क्षेत्रका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, बाढी नियन्त्रणका लागि बाँध, तटबन्धन र नाला व्यवस्थापन गर्ने, रेडियो, टेलिभिजन एवं मोबाइल सन्देशमार्फत पूर्वसूचना प्रणालीलाई चुस्त बनाउने र विपद्को समयमा तत्काल राहत तथा उद्धारका लागि नगरपालिकामा आवश्यक सामग्रीहरू सधैं तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ।

सभाका सदस्यज्यूहरु

अब म **सुशासन तथा सार्वजनिक सेवा**क्षेत्रका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

९३. नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यहरूलाई बढी पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउन नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, गुनासो व्यवस्थापन तथा नियमित अनुगमन र मूल्याङ्कन जस्ता नागरिक निगरानीका औजारहरूलाई संस्थागत रूपमा कार्यान्वयन गरिनेछ।

९४. नगरपालिकाबाट सञ्चालन हुने नीति, योजना, बजेट तथा सबै किसिमका सेवा सुविधा र विकास कार्यक्रमहरूमा लैङ्गिक समता, समानता र सामाजिक समावेशीकरणको सिद्धान्तलाई पूर्ण रूपमा आत्मसात गर्दै; महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक तथा पछाडि पारिएका सबै जातजाति, लिङ्ग, क्षेत्र र समुदायको अर्थपूर्ण एवं समानुपातिक सहभागिता, पहुँच र अपनत्व सुनिश्चित गर्न विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९५. नगरपालिकाको वित्तीय दायित्व कम गरी प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न स्वीकृत दरबन्दी बेगर कार्यरत दैनिक ज्यालादारी तथा सेवा करारका कर्मचारीहरूको म्याद थप नगर्ने गरी जनशक्ति व्यवस्थापन गरिनेछ र नगरपालिकामा कार्यरत सम्पूर्ण जनशक्तिको वस्तुगत सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी सोही आधारमा पुरस्कार तथा दण्डको व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

९६. नगरपालिकाको संगठनात्मक संरचनालाई परिमार्जन गरी प्रवाह गरिने सेवालाई चुस्त, प्रभावकारी, प्रविधिमैत्री र उत्तरदायी बनाउन चालु आर्थिक वर्षभित्र वस्तुनिष्ठ 'संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्पन्न गरिनेछ; र सोकै आधारमा जनशक्ति व्यवस्थापन, कार्यविभाजन र प्रशासनिक झन्झटको न्यूनीकरण गर्दै स्थानीय प्रशासनमा सुशासन र वित्तीय अनुशासन प्रवर्द्धन गरिनेछ।

९७. नगरपालिकाको वित्तीय प्रणालीलाई थप पारदर्शी, उत्तरदायी र कानुनसम्मत बनाउन वित्तीय सुशासन कायम गर्ने तथा संस्थागत विकास गर्ने उद्देश्यका साथ सुरु गरिएको 'स्थानीय तह वित्तीय सुशासन मूल्यांकन प्रणाली' (LGPAS) लाई सरोकारवालाहरूको क्षमता

विकास र प्राविधिक सुदृढीकरण मार्फत थप प्रभावकारी र नतिजामुखी बनाई नगरपालिकाको समग्र संस्थागत सबलीकरण गरिनेछ।

९८. स्थानीय स्तरमा सिर्जना हुने विभिन्न प्रकृतिका विवादहरूलाई वडा तहमा नै सौहार्दपूर्ण वातावरणमा निरूपण गरी समाजमा आपसी मेलमिलाप, शान्ति र सामाजिक सदभाव कायम गर्नका लागि प्रत्येक वडामा स्थापित मेलमिलाप केन्द्रहरूलाई आवश्यक भौतिक, प्राविधिक तथा व्यवस्थापकीय पूर्वाधारसहित सुदृढ बनाइनेछ; साथै, सूचीकृत मेलमिलापकर्ताहरूको कार्यक्षमता, कानुनी ज्ञान र मध्यस्थता सम्बन्धी सीप अभिवृद्धिका लागि आवश्यक क्षमता विकास तथा पुनर्ताजगी तालिमका कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई विवाद समाधानमा सक्रिय रूपमा परिचालन गर्दै आम नागरिकका लागि स्थानीय स्तरमै सहज, छिटोछरितो र - निष्पक्ष न्यायकोपहुँच सुनिश्चित गर्ने नीति लिइनेछ ।

९९. प्रस्तुत नीति तथा कार्यक्रमको सफल एवं प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकार संघ), प्रदेश र स्थानीय तह( बीचको प्रशासनिक तथा नीतिगत समन्वयलाई मजबुत बनाउँदै, आर्थिक विकासको संवाहकका रूपमा रहेका निजी क्षेत्र, सहकारी र नागरिक समाजसँग गतिशील साझेदारी गरिनेछ। साथै, स्थानीय समुदायको स्वामित्वलाई प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू एवं विकास साझेदारहरूको प्राविधिक, वित्तीय र व्यवस्थापकीय सहयोगलाई पालिकाको प्राथमिकताका क्षेत्रमा एकीकृत रूपमा परिचालन गरी एकताबद्ध ढंगले अगाडि बढाइनेछ।

१००. यसलाई थप परिमार्जन गरी सार्थक रूपमा कार्यान्वयन गर्नका लागि यस गरिमामय नगरसभाका सम्पूर्ण आदरणीय सदस्यहरूबाट रचनात्मक सुझाव, मार्गदर्शन र सर्वसम्मत स्वीकृतिको अपेक्षा गर्दछु। यस नीति तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा अमूल्य सुझाव दिनुहुने राजनीतिक दल, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै निति तथा कार्यक्रम कार्यान्वयनको लागि प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

**अन्त्यमा,**

नगरपालिकाको समग्र विकास, आर्थिक समृद्धि र सुशासन कायम गर्ने यस अभियानमा आ-आफ्नो क्षेत्रबाट अमूल्य योगदान पुर्याउनुहुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, मजदुर, किसान, उद्योगी व्यवसायी, बैंक तथा वित्तीय क्षेत्र, सामुदायिक एवं सहकारी क्षेत्र, नागरिक समाज र सञ्चारकर्मी लगायत देश विदेशमा रहनुभएका-छेडागाडबासी सम्पूर्ण आदरणीय दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु।

छेडागाड नगरपालिकाको नगर सभा कार्य संचालन नियमावली २०७४ को नियम १४१ उपनियम (१) र (२) बमोजिम यो छेडागाड नगरपालिकाको विसौं नगरसभा (दशौं बजेट अधिवेशन) को बैठकमा प्रस्तुत भई पारित भएको नीति तथा कार्यक्रम २०८३ प्रमाणित गर्दछु ।

नाम : रत्न बहादुर खड्का

पद : सभा अध्यक्ष

दस्तखत :

मिति : २०८३/०३/०८